नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

प.सं.: २०८२/०८३

च.नं.: १२०१

मिति: २०८२।०८।२४

विषयः राजपत्र अनङ्कित कर्मचारीहरुको सरुवा/कामकाज/काज तथा सहमति सम्बन्धमा ।

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय,(सबै)।

यस मन्त्रालय लगायत विभिन्न मन्त्रालय/आयोग/निकायहरूवाट निजामती कर्मचारीहरूको सरुवा गर्ने, कामकाज/काज खटाउने तथा सरुवा सहमति प्रदान गर्ने सम्वन्धी कार्य हुँदै आएकोमा लोक सेवा आयोगको बार्षिक कार्यतालिका बमोजिम राजपत्र अनङ्कित प्रथम/द्वितीय श्रेणी(नायब सुव्वा/खरिदार वा सो सरह)का पदहरूमा विज्ञापन(खुला प्रतिस्पर्धा तथा बढुवा) प्रकाशित हुने समयलाई दृष्टिगत गर्दै लामो समय देखि सुगम स्थानमा रही कामकाज गरिरहेका कर्मचारीहरू बढुवा प्रयोजनको लागि मात्र दुर्गम स्थानका निकायहरूमा सरुवा भई जाने क्रम देखिएको र सोको लागि विभिन्न निकायहरूबाट सरुवा सहमति माग भई आउने गरेको पाइएको छ ।

यसरी विज्ञापन(खुला प्रतिस्पर्धा तथा बढुवा)प्रकाशित हुनु भन्दा तत्काल अगाडि राजपत्र अनंकित प्रथम/द्वितीय श्रेणी(नायब सुब्बा/खरिदार वा सो सरह)का कर्मचारीहरूलाई सरुवा गर्दा लामो समय देखि दुर्गम स्थानमा बसी सेवा गरी आएका कर्मचारीहरूलाई बढुवा प्रयोजनार्थ मर्का पर्ने भएको तथा विभिन्न जिल्लाहरूमा प्रतिशत समेत निर्धारण भईसकेको जानकारी प्राप्त भएकोले कर्मचारीहरूको निर्वाचन लगायतका विशेष परिस्थिती, पदस्थापन बाहेक सरुवा गर्ने, कामकाज/काज खटाउने तथा सरुवा सहमति प्रदान गर्ने कार्यहरु मिति २०८२/०८/२५ गते देखि लागू हुने गरी राजपत्र अनंकित प्रथम श्रेणी(नायव सुव्वा वा सो सरह)को हकमा मिति २०८२ माघ मसान्तसम्म र रा.प.अनं.द्वितीय श्रेणी(खरिदार वा सो सरह)का कर्मचारीहरूको हकमा मिति २०८२ फाल्गुण मसान्तसम्मको लागि स्थगित गर्ने निर्णय भएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०८२/०८/२४ गतेको निर्णयानुसार अनुरोध छ।

(अविन्द्र कार्की)

शाखा अधिकृत